नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

शाखाः मानवस्रोत विकास, लेखा सुदृढिकरण तथा योजना

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पत्र संख्याः २०७७/७८

चलानी नं.: २२५

मितिः २०७७/१२/०३

विषयः राष्ट्रिय गोष्ठी सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ८१ सबै ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, ७ सबै ।

सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ संलग्न कार्यक्रम बमोजिमको मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त गोष्ठीमा कार्यालय प्रमुख अनिवार्य रूपमा सहभागी हुन मिति २०७७/११/१९ को निर्णयानुसार अनुरोध छ । गोष्ठीमा सहभागी हुन आउँदा संलग्न गोष्ठीसँग सम्बन्धित कार्यतालिका र निर्देशिका बमोजिम कागजातहरूको सफ्ट कपी तथा हार्ड कपी ल्याउनुहुन र संलग्न सूची बमोजिमको विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)हरू र प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका)हरू बीच एकआपसमा समन्वय गरी प्रस्तुतीकरण तयार गर्ने व्यवस्था मिलाउनु हुनेछ । प्रस्तुतीकरण विषयको सफ्ट कपी Google Form मा २०७७ चैत्र ८ गते भित्र पठाईदिनु हुन निर्देशानुसार अनुरोध छ ।

२०७७/१२/३

..........................

योगेश पराजुली

लेखा अधिकृत

Google Form Link: - https://forms.gle/x3e2v9s8eUZuZju46

QR-Code:-

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

शाखाः मानवस्रोत विकास, लेखा सुदृढिकरण तथा योजना

## गोष्ठीको कार्यतालिका र निर्देशिका

क. राष्ट्रिय गोष्ठी सञ्चालन हुने :

मितिः २०७७ चैत्र ११ र १२ गते

समयः विहान ०८:१५ बजे

स्थानः सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर, काठमाडौं ।

ख. गोष्ठीमा सहभागीहरूले गर्नुपर्ने तयारी तथा आवश्यक कागजातहरू :

- TSA, RMIS, CGAS, SuTRA, EFT र विभाज्य कोषको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरू
- दोस्रो चौमासिकसम्मको आन्तरिक लेखापरीक्षणको अवस्था, आ.ले.प. मा देखिएका समस्या र समाधानका उपायहरू
- वित्तीय प्रतिवेदन र सूचना प्रविधिको व्यवस्था (कम्प्यूटर, नेटवर्क लगायत) र भोग्नु परेका कठिनाईहरू
- कार्यालयको कार्य बोझ (सेवा पुऱ्याउनु पर्ने कार्यालयको सङ्ख्या, स्थानीय तह र प्रदेश एकाइ कार्यालयहरूको सङ्ख्या, पेन्सन प्राप्त गर्ने जिल्ला भित्रको सङ्ख्या आदी)
- लेखा समूहका कर्मचारी र पदपूर्तिको अवस्था (स्थानीय तह र प्रदेश कार्यालयमा समेत)
- पेश्की तथा बेरूजुको अवस्था
- जिल्ला भित्रको सरकारी सम्पत्ति (घर जग्गाको लगत, गाडिको लगत र अन्य सम्पत्ति)
- जिल्ला भित्रको खर्चको अवस्था

| जिल्लाको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय खर्च | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | |

- तलवी प्रतिवेदन पारित गर्नुपर्ने कार्यालयको सङ्ख्या र हालसम्म पारित सङ्ख्या
- प्रदेश तथा स्थानीय तहबाट केन्द्रीय कार्यक्रम र सःशर्त अनुदानको आ.व.२०७६/०७७ को बचत रकम फिर्ताको अवस्था (सामाजिक सुरक्षा, प्रधानमन्त्री रोजगार कार्यक्रम र सःशर्त अनुदानको रकम आदी)

ग. गोष्ठीमा प्रस्तुत गरिने विषयगत समूह :

कोष तथा लेखा नियन्त्रक कार्यालयहरू/ प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्रस्तुतीकरण हुने विषय र सहभागी कोष तथा लेखा नियन्त्रक कार्यालयहरू/ प्रदेश लेखा नियन्त्रक कार्यालयहरूः


अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

शाखाः मानवस्रोत विकास, लेखा सुदृढिकरण तथा योजना

| सि.नं. | प्रस्तुतीकरणको विषय | सहभागी कोष तथा लेखा नियन्त्रक कार्यालयहरू/प्रदेश लेखा नियन्त्रक कार्यालयहरू | संयोजन |
|---|---|---|---|
| १ | संघ, प्रदेश र स्थानीय तहको वित्तीय सूचना प्रणाली र वित्तीय प्रतिवेदनको सन्दर्भमा देखिएका समस्या र सुधार गर्नुपर्ने विषयमा प्रस्तुती । | समुह -१ ( प्रदेश न १, २ र सुदुर पश्चिम प्रदेशका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू तथा प्रदेश न १, २ र सुदुर पश्चिम प्रदेशका प्रदेश लेखा नियन्त्रक कार्यालयहरू ) | संयोजकः श्री दामोदर खत्री प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १ |
| २ | आन्तरिक लेखा परीक्षण र सम्पत्ती तथा दायित्व व्यबस्थापनको सन्दर्भमा देखिएका समस्या र सुधार गर्नुपर्ने विषयमा प्रस्तुती । | समुह -२ ( वागमती र लुम्बिनी प्रदेशका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू तथा वागमती र लुम्बिनी प्रदेशका प्रदेश लेखा नियन्त्रक कार्यालयहरू ) | संयोजकः श्री गोकुल बास्तोला, प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहल, काठमाडौं |
| ३ | लेखा समूहको वृत्ति विकास, आर्थिक अनुशासन र क्षमता विकासका सन्दर्भमा देखिएका समस्या र सुधार गर्नुपर्ने विषयमा प्रस्तुती । | समुह -३ (गण्डकी र कर्णाली प्रदेशका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू तथा गण्डकी र कर्णाली प्रदेशका प्रदेश लेखा नियन्त्रक कार्यालयहरू ) | संयोजकः श्री भुवन काफ्ले, प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्याङ्जा |

नोटः

- दिईएको विषयवस्तुमा समूहगत अध्ययनको आधारमा २० मिनेट समयभित्र प्रस्तुत गर्न सकिने गरी PowerPoint Presentation को व्यवस्थापन गर्नुपर्नेछ । PowerPoint Presentation नेपाली फन्ट युनिकोड कालिमाटी र फन्टसाईज १२ मा हुनुपर्नेछ ।
- संयोजकलाई तोकिएको समूह अन्तर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू/ प्रदेश लेखा नियन्त्रक कार्यालयहरूले तोकिएको विषयवस्तुमा छलफल तथा समन्वय गरी गोष्ठीमा आउनु अगावै प्रस्तुतीकरणको मसौदा तयार गरिसक्नुपर्नेछ ।
- प्रस्तुतीकरणको मसौदा उपर अन्तिम छलफल तथा तयारी गर्न तोकिएको समूह अन्तर्गतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू/ प्रदेश लेखा नियन्त्रक कार्यालयहरूले एकआपसमा समन्वय गरी प्रस्तुतीकरणलाई अन्तिम स्वरूप दिन गोष्ठी सञ्चालन अवधि भित्र १ घण्टाको समय उपलब्ध गराईनेछ ।
- गोष्ठीमा सहभागी हुन आउने कार्यालय प्रमुखको नियमानुसारको दैनिक भ्रमण भत्ता र भ्रमण खर्च यस कार्यालयबाट उपलब्ध गराईनेछ ।
- गोष्ठीमा सहभागी हुन आउँदा गोष्ठी अवधिभर औपचारिक पोशाक अनिवार्य लगाउनु पर्नेछ।
- कार्यालयबाट गोष्ठीमा सहभागी हुने पत्र साथै लिई आउनुपर्नेछ ।



अनामनगर, काठमाडौं, फोन-०१ ४७७१२९०, ४७७०७४९, ४७७०३५१ (ext-२९६), फ्याक्स. : ०१ ४७७१२९१
Email : hrdsection@fcgo.gov.np Web : www.fcgo.gov.np